# चौंरीदेउराली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## ढाँडखर्क भञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक

३ नं. प्रदेश, नेपाल
२०७३

## ब्रिकि तथा संकलन शुल्क दस्तुर उठाउने सम्बन्धि शिलवन्दी (अमानत) बोलपत्र आव्हानको सूचना

## सूचना प्रकाशित मिति २०७५/०९/२९

स्थानीय सरकार संचालन ऐन२०७४को दफा ११ उपदफा २ (घ) छ मा भएको व्यवस्था प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गत प्रदेश नं.३ हेटौडा मकवापुरको ०७५/०७६ को चं नं. ६४ मिति २०७५/०५/०६ को पत्र जिल्ला समन्वय समितिको ०७५/०८/०२ को निर्णय अनुसार स्वीकृत प्रारम्भिक वातवणीय परीक्षण (IEE) प्रतिवेदन स्थानिय राजस्व परामर्श समितिको सिफारिस एवं गाउँ कार्यपालिकाको निर्णय अनुसार स्वीकृत दर रेटमा स्वीकृति प्राप्त क्षेत्रहरुवाट उत्पादन हुने ढुँगा,गिट्टी, वालुवा विक्री संकलन कार्यको ठेक्का लिन इच्छुक व्यक्ति फर्म कम्पनिबाट तोकीएको न्यूनतम अंकमा नघट्ने गरि निम्नानुसारको विषय क्षेत्र भित्र शिलवन्दी वोलपत्र खरिद गरि पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगि वा म्याद नागी आएका शिलवन्दी (अमानत) वोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

**ठेक्का सम्बन्धी बिबरण :-**

| क्र.सं | आन्तरीक आय ठेक्का संकेत | ठेक्का को विषय क्षेत्र | आ.व.२०७५/७६ का लागि कायम न्यूनतम अंक (मू.अ.कर बाहेक) | वोलपत्र फाराम दस्तुर | धरौटी/जमानत रकम | साविकको जिल्ला परिषदबाट स्विकृत दररेट | स्विकृत शुल्कको दर रु मु.अ.कर वाहेक |
|---|---|---|---|---|---|---|---|
| ३ | ३/IR/ ०७५/०७६ | लामा वगर - अम्वोटे वगर | ५७५,०००/- ( पाँच लाख पचहतर हजार मात्र) | ३,०००/- | ढुँगा, गिट्टी, वालुवा | ५,०९,८०३ | रु ९।०० |

**ठेक्का सम्बन्धि शर्तहरु :**

१.वोलपत्र फारम खरिद गर्दा अध्यावधिक फर्म नविकरण प्रमाण पत्रको प्रतिलिपि आ.०७३/०७४ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि साथै लिखित निवेदन र मु.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलिकपि संलग्न गरि यो सूचना प्रकाशित भएको मितिले ७ दिन सम्म कार्यालय समय भित्र चौंरीदेउराली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ढाँडखर्कभञ्ज्याङ्ग,काभ्रेपलाञ्चोकवाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका वोलपत्र फारम रितपुर्वक भरी सूचना प्रकाशित भएको मितिले ८ (आठौं) औ दिनको १२:०० वजे भित्र यस कार्यालयमा दाखिला पेश गर्न सकिने छ ।दाखिला पेश हुन आएका वोलपत्रहरु सोही दिनको २:०० वजे यस कार्यालयमा उपस्थित वोलपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलीने छ ।वोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. वोलपत्र पेश गर्दा आफुले कवोल गरेको मु.अ.कर सहितको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको रा.बा. बैंक धुलिखेलमा रहेको धरौटी हिसाव नं. १०४०३०३००७१०८ खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा वोलपत्र दाताले गर्ने अन्तिम मिति वाट कम्तिमा १२०(एक सय विस मात्र) दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्रप्ता बाणिज्य बैंकवाट यस कार्यालयको पंक्षमा जारी भएको सक्कलै वोलपत्र जमानत अनिवार्य रुपले शिलवन्दी वोलपत्र साथ पेश गर्नु पर्नेछ ।

४. वोलपत्र पेश गर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखि पेश गर्नु पर्ने छ ।अंक र अक्षरमा लेखिएको रकम फर्क परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

चौरीदेउराली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ढाँडखर्कभञ्ज्याङ्ग,काभ्रेपलाञ्चोक
३ नं. प्रदेश,नेपाल

५.वोलपत्र (अमानत) स्वीकृत सम्बन्धि जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कबोल अंकको तिस प्रतिशत रकम यस कार्यालयको नाममा संचालनमा रहेको रा.बा.बैंक धुलिखेल शाखामा रहेको खाता नं.१०४०३०३००७१०८ मा जम्मा गरेको सक्कलै भौचर तथा बाँकी रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको तल उल्लेखित किस्ता भुक्तानि गर्नु पर्ने अबधि भन्दा १ महिना बढी म्याद भएको कार्य सम्पादन जमानि पत्र सहित सम्झौता गर्न आउनु पर्नेछ । मूल्य अभिवृद्धि करको सम्वधमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाइ सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।किस्ता भुक्तानि सम्बन्धि व्यवस्था तपशिल बमोजिम हुने छ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु | कैफियत |
|---|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कवोल अंकको ६० प्रतिशतले हुन आउने रकम | किस्ता बुझाउन आउदा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मु.अ.कर बुझएको प्रमाण पेश गर्नु पर्ने छ । |
| दोस्रो | २०७५साल फाल्गुण मसन्ता भित्र | कवोल अंकको २० प्रतिशतले हुन आउने रकम | |
| तेस्रो | २०७६ जेष्ठ मसान्ता भित्र | कवोल अंकको २० प्रतिशतले हुन आउने रकम | |

६.ठेकेदारले स्वीकृत दर रेट बमोजिम मात्र कर तथा सेवा शुल्क असुल गर्न पाउने छ ।
७. सेवा शुल्क तथा कर उठाउने सम्पुर्ण दायीत्व ठेकेदारको हुने छ । त्यमा कार्यालयले कुनै जिम्मेवारी बहन गर्ने छैन ।साथै प्रचलित कानुन वमोजिम तिर्नु पर्ने सम्पुर्ण करहरु ठेकेदार स्वंयमले बुझाउनु पर्ने छ ।
८. अनुगन समितिले अनुगमन गर्दा कानून र मापदण्ड बमोजीम नपाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने छ ।
९. ढुङ्गा,गिट्टी, वालुवा लैजादा Covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्ने छ ।
१०. कुनै किसिमको परिस्थिति देखाइ ठेक्का रकम छुट्/ मिनाहा सम्बन्धि कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन ।
११.प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
१२.यस संग सम्बन्धित बृस्तृत जानकारी तथा IEE प्रतिवेदन यस कार्यालयको वेवसाइट **www.chaurideuralimun.gov.np** मा हेर्न सकिने छ ।IEE प्रतिवेदन यस सूचनाको अभिन्न अंङ्ग मानिने छ ।
१३.यस उल्लेखित नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुने छ ।

प्रमुख प्रशासकीय अधिकृत